# धर्मग्रन्थ मार्गदर्शक या पथभ्रष्टक ?

— मोहन गुरुङ्ग

आज हामी विश्वको मानचित्र पल्टाएर हेर्दा चारैतिर हिंसा, चोरी, हत्या, लुट, बलात्कार, भ्रष्टाचार अशान्ति व्याभीचारी, असमानता, वैमनष्यता र सामाजिक भेदभाव देख्छौं । यी सबै हुनुको मुख्य कारण धर्म ग्रन्थहरूमा वर्णित भ्रमित धार्मिक मान्यताहरु र गलत परम्परा हो ।

धर्म ग्रन्थहरुबाट समाजले सही मार्ग दर्शन र नैतिक शिक्षा पाउन सकेको छैन । यस कारण आज हामी आफ्नो समाजको गलत संस्कार र कुविचारहरू हटाउन सकेका छैनौं । त्यसको वर्तमान स्वरुप तिर नियालेर निष्पक्ष चिन्तन र विश्लेषण गर्न सक्दैनौं यसको मुख्य कारण हाम्रो मुर्खता एवम् अज्ञानता हो । आधुनिक समाजमा धर्म ग्रन्थबाट उत्पन्न भएको हीनता बोध दुःखबाट मुक्ति पाउन हामीले यो बुझ्न आवश्यक छ कि धर्म ग्रन्थका पात्र देवी देवता, ऋषिमुनिहरु, श्रृष्टिकर्ता मानिने भगवान, दैत्य, दानव अर्को लोकमा वा आकाश पातालको नभई यसै पृथ्वीको प्राचीन युगका शासक राजाहरुनै थिए । वेदशास्त्रहरुमा के छ ? अरुबाट सुन्नु भन्दा आफैं पढ्ने वा अध्ययन गर्ने प्रयास र वास्तविक इतिहास बुझ्नु आवश्यक छ ।

जुन धर्मग्रन्थलाई हामी ज्ञानको ज्योतिको विशाल भण्डार र मार्गदर्शन मानिरहेका छौं तिनै धर्मग्रन्थले नै आज हरेक व्यक्तिलाई अपराधी बन्न प्रोत्साहन दिईरहेको छ ।

" तत्राऽहं यैः सकृद दृष्टो विधिवदवन्दितस्तु यैः !
गत्व शिवपुरं ते मां द्रक्ष्यन्ते दग्धकिल्विषाः !!

(वराह पुराण)

!! अर्थः– जुन मनुष्य विधिपूर्वक एक पटक पनि पशुपतिनाथको दर्शन गर्दछ उ सम्पूर्ण पापबाट मुक्त भएर शिव लोकमा गएर मेरो प्रत्यक्ष दर्शन पाउने छ अर्थात त्यो मनुष्य नरकको भागी हुदैन ।" यस्तो प्रकार कैयन उदा-हरणहरू हामीले वेद पुराणहरुमा पाईन्छ,जस्तै बाग्मती स्नान गरे घोर संसारबाट मुक्त हुन्छ । देवघाट स्नान गरे करोडौं फल प्राप्त हुन्छ आदि इत्यादि । ईसाईहरुको बाईबल ग्रन्थ पनि हेर्नुस जसमा लेखिएको छ कि तपाईबाट जतिसुकै पाप भएपनि एक पटक प्रभु येशुसङ्ग गएर क्षमा माग्नुस पापबाट मुक्त हुन्छ । कति सजिलो रहेछ त वेद पुराण वा धर्मग्रन्थहरु तपाई दिनभर, महीनौं महिना, सालौ साल अपराध कुकर्म गर्नुस अनि भगवानसङ्ग



सुन्दर आचरण, सुन्दर शरीर भन्दा राम्रो हुन्छ । मुर्ति चित्रको अपेक्षा यसले धेरै गुणा उच्च कोटीको आनन्द दिन्छ ।
( –एमसन )

प्रमुसङ्ग क्षमा माग्नुस सब मुक्त हुन्छ यही हो धर्मग्रन्थले सिकाउने ? अर्को कुरा प्रत्येक वर्ष माघ महिनामा व्रत बसेर पढ्ने र सुनाउने स्वस्थानी व्रत कथा नामक ग्रन्थ हेर्नुस । १) विष्णुले पृथ्वी निर्माण गरिएको वर्णन कसरी गरिएको छ । विष्णुको काने गुजीबाट निस्किएको मधु-कैटभ दैत्वसङ्ग विष्णुले पाँचहजार वर्ष सम्म जलमा युद्ध गर्दछ र विष्णुले जित्न नसकी छलकपट गरी मधु – कैटभलाई मार्न सफल हुन्छ अनि मधु-कैटभको बोसो पानीमा जमेर पृथ्वी बन्यो, मासुले पर्वत,हाड्ले ढुङ्गा भयो । यस्तो प्रकारको अवैज्ञानिक कुराहरु रटाएर मानिस-लाई धर्मान्धतामा भुलाएर पंगु बनाएर ब्रम्हलुट गरिरहेका छन् । श्रृष्टिकर्ता मानिने ब्रम्हा र विष्णुलाई बरदान दिने देवहरुको देवाधीदेव महादेवको चरित्र बारे यस स्वस्थानी व्रत कथालाई स्वयम् गहीरिएर अध्ययन गर्नुस अनि वास्तविकताको नांगो चित्र तपाईको सामु हुनेछ । यसबाट पनि तपाईले विश्लेषण गर्न सक्नु भएन र यज्ञ व्रत गरेर अपार धन सम्पतिको लाभको सपना देख्नु हुन्छ भने आफ्नो जीवनलाई धर्मान्धता भई अन्धकारमय पथतिर धकेल्ने बाहेक अरु केही हात लाग्ने छैन । जीवनको सफलताको रहस्य असल कर्म, धैर्य, लगनशीलता मेंहनत र निष्पक्षतामा छ ।

महाभारत र रामायणले पनि समाजलाई कुनै नैतिक शिक्षा दिन सकेको छैन, उदाहरणको लागि तुल्सी कृत रामायणका यस श्लोकलाई लिन सकिन्छ ।

ढोल, शुद्र, गवाँर पशु वा नारी !
यी सब ताडनका अधिकारी !!

अर्थात:— ढोलक,शुद्र गाउँले,पशु र नारीहरु पिटाईका अधिकारी हुन । यिनीहरुलाई नपिटीकन हुदैन । पवित्र धार्मिक ग्रन्थ रामायणको आदर्श कस्तो छ हेर्नुस । त्यस्तै अर्को मनुस्मृति धार्मिक र सामाजिक भेदभावको भावना फैलाउने ग्रन्थ अथवा ब्राम्हणवादी ग्रन्थ हो । हेर्नुस मनुस्मृतिको शिक्षाले के भन्न खोजिरहेको छ ।

१– मनुष्यमा सर्वश्रेष्ठ केवल ब्राम्हण हुन ।।(१/९६)।।

२– आफूमा जस्तै आर्थिक विपत्ति परेपनि ब्राम्हणले शुद्र अपात्रलाई विद्या, ज्ञान दिनु हुदैन ।।(२/११३)।।

३– संसारमा जति पनि सम्पत्ति छन् ती सबै ब्राम्हणको नै हो किनकि ब्राम्हणको उत्पत्ति सर्वश्रेष्ठ छ, त्यस कारण उ त्यसको एकमात्र अधिकारी हो ।।(१/१००) ।।

४– गुरूले आफ्नो शिष्यलाई वेदशिक्षा दिइरहेको समयमा यदी कुनै बैश्य वा शुद्रले लुकेर वेद श्रवण गर्दछ भने त्यो पापी नीच वेद चोर नरक कुण्डमा पर्नेछ ।। (२/११६) ।।

५– यदी कुनै अछुतले कुनै ब्राम्हणलाई पिट्नहात उठाउँछ भने त्यो हात काटी दिनु पर्दछ । तथा यदी रिसमा आएर लातले हान्दछ भने उसको खुट्टा काटी दिनु पर्दछ ।। (८/२८०) ।।

धार्मिक भेदभावको अर्को ज्वलन्त उदाहरण स्मरण गराउन चाहन्छु । हाम्रो कुख्यात धर्म गुरुहरु के भन्छन् भने ईश्वरको (भगवान) द्वार (ढोका) मानवमा मात्र नभई चराचर जगतका सम्पूर्ण प्राणीहरुको लागि खुला छ र सबैको रौं रौंमा समाहित छ । कुनै भेदभाव छैन ।



सत्य एवं स्वतन्त्रताको भावना समाजका खम्बा हुन । (– ईब्सन)

धर्मग्रन्थमा यो उल्लेख भएको पाईन्छ पृथ्वीकै महान श्रृष्टि कर्ता देवाधिदेव महादेवको शिव स्वरूप ज्योति लिङ्ग, शिवलिङ्ग पशुपतिनाथ सम्पूर्ण प्राणीको मुक्तिदाता हुन मनुष्यले एक पटक पशुपतिनाथको दर्शन गर्दछ भने उ सम्पूर्ण पापबाट मुक्ति हुन्छ। तर कस्तो विडम्बना हेर्नुस तिनै पशुपतिनाथको मन्दिरमा र सोही क्षेत्रको बाहिर तुलुंङ्ग झुण्डाएको बोडहरुमा '' केवल हिन्दुहरूको लागीमात्र प्रवेश '' भनि लेखिएको हुन्छ । अब तपाई आफै सोच्नुस यस्तो धार्मिक भेदभावले मानव समाजलाई हिनताबोध र सम्प्रदायिक भावना अतिरिक्त अरू के दिन सक्छ र ?

ऋग्वेदले के भन्दछ ? ऋग्वेद विश्वको सबै भन्दा प्राचीन ग्रन्थ भनि प्रचार प्रसार गरिन्छ । यस ग्रन्थले पनि नैतिक शिक्षाको मार्ग दर्शनको सट्टा चाकरी कसरी गर्ने, अर्काको सम्पत्ति कसरी लुट्ने जस्ता कुराहरू बाहेक अरु केही सिकाएको छैन । यहाँ यसको सम्पूर्ण व्याख्या गर्न सम्भव छैन यसको वास्तविक इतिहास बुझ्न हिन्दीमा अनुवादित ऋग्वेद स्वयम् पढ्नु होला उदाहरणको लागि तल केही अंशहरु दिईएको छ ।

- हे इन्द्र ! ईस यज्ञमे आकर सोमरस रूपी समस्त भोज्य पदार्थो से प्रशन्न बनों । इसकी पश्चात परमशक्ति शाली बनकर शत्रुओं पर विजय प्राप्त करो ॥ (८) ॥
- हे इन्द्र ! श्रेष्ठ एवम् विविध प्रकारका धन हमारे पास भेजो । हमारे भोग के लिए प्रर्याप्त एवम् अधिक धन तुम्हारे ही पास है ॥ (५/ प्रथम मण्डल सुक्त-६) ॥
- जिस प्रकार घोडा क्रीड़ा के निमित्त घोड़ीकी ओर दौड़कर जाता है,उसी प्रकार पर्याप्त आहर करनेवाला इन्द्र यजमानद्वारा बहुत से पात्रोंमे रखे हुए सोमरसकी ओर सिघ्रता से जाते है ! वृत्रवधादि महान कार्यमे दक्ष वह इन्द्र अपना स्वर्ण निमित अश्वयुक्त एवम् तेजश्वी रथ रोककर सोमरस पिते है ॥ (१-प्रथम मंडल सुक्त ५६ ) ॥

यिनै धार्मिक ग्रन्थका पात्रहरु संयमीका प्रतिक मानिने देवी देवता र ऋषिमुनिहरुको यौन स्वच्छंदताको क्रियाकलाप कति लज्जा जनक छ,हामी सोच्न पनि चाँहदैनौ तर हेर्नुस वास्तविक इतिहास सन१९८८ फरवरीमा प्रोफेसर राजेन्द्र गर्गद्वारा लेखिएको "ऋषि मुनियोंकी कामुकता" शिर्षकको हिन्दी मासिक " सरिता "का केही अंश प्रस्तुत गरेको छु ।

जसलाई हामी देवी देवता, भगवान, ईश्वर आदि आदि मान्छौं । वास्तवमा तिनीहरूको यौन क्रियाकलाप अतिनै शर्मनाक छ । यसको बारेमा धर्म ग्रन्थहरुमा खुल्ला अथवा गर्व साथ वर्णन गरिएको छ । असुरहरुलाई पराजय गर्न नसकी कथित विष्णुले तिनीहरुको पत्नी पतिव्रता धर्म नष्ट गर्न गर्दथे । (रूद्र संहिता, युद्ध खण्ड अध्याय २४ मा) विष्णुद्वारा जालान्धरको पत्नी (वृन्दा) सतीदेवीको शील हरण गरिएको कथा उल्लेख छ । श्री मद्भागवतको तेश्रो स्कन्ध, अध्याय १२ मा ब्रम्हाले कामातुर भएर आफ्नै छोरी स्वरस्वतीलाई कामना गरेको कुरा उल्लेख छ । यसै ग्रन्थमा शिवको यौन स्वच्छंदताको ठाउँ ठाउँमा वर्णित छ,जब शिवलाई भयङ्कर रिस



आजको यस फेशनको युगमा कुमारी केटी विवाहिता झैं देखिन्छे, विवाहिता युवती विधवा झैं र विधवा चाहि कुमारी जस्तो, यो भन्दा आश्चर्य के हुन सक्छ ?

( – रविन्द्र त्यागी )

2014 12 30

उठ्दथ्यो त्यस बेला कुनै सुन्दर युवतीले नै उनको रिस शान्त गर्नु पर्दथ्यो । एक पटक रिसाएको समय कुनै युवती नपाउँदा विष्णु आफै मोहीनी रूप धारण गर्नु भएको थियो (हेर्नुस श्रीमद्भागवत, स्कंध '८' अध्याय १२, श्लोक ३०—३२ )

देवताहरुको राजा मानिने इन्द्रले आपनो सन्ताप शान्त गर्नको लागि सधैं घुम्ने गर्दथ्यो । जब कुनै सुन्दर स्त्री देख्यो कि इन्द्रको खाना, पिउन र निद्रा हराउदथ्यो । भेष बदलेर (बहुरूपिया) तिनै स्त्रीको पतिको रूप धारण गरेर हुन्छ वा छलबल कपटले हुन्छ शतिहरण गरेरै छाड्दथे । इन्द्र गौतम ऋषिको पत्नि अहिल्यामाथि पनि मोहित थिए र उनीसङ्ग सहबासको मौका हेर्न्थ्यौं । एक दिन ब्रम्हा मुहुर्तमा गौतम ऋषि आपनो आश्रम देखि बाहिर गएको थियो , सोही मौका छोपी इन्द्र गौतम ऋषिको रूप धारण गरेर आश्रममा आए यद्यपी अहि-ल्याले चिनेर पनि उनीसङ्ग देव रति क्रुडाको आनन्द लिने लोभ संबरण गर्न सकेनन्, सहवास पछि सन्तुष्ट भएर अहिल्याले इन्द्रलाई तुरून्त आश्रमबाट जाव भनिन तर गौतम ऋषिले इन्द्र भागेको देखेर श्राप दिएको थियो । (हेर्नुस बाल्मीकी रामायण बालकाण्ड सर्ग ४८, श्लोक १७–२२)

इन्द्र र कृष्णको यौवचारमाथि ठूलो पुस्तक लेख्न सकिन्छ । श्रीमद्भागवतमा कृष्णको गोपिनीहरुसङ्गको सम्बन्धको विस्तृत चर्चा छ । र सोही ग्रन्थको स्कन्ध १० अध्याय ५ को श्लोक २१ मा बलरामको सुरापान र भोग विलास सम्बन्धी चित्रण गरिएको पाईन्छ ।

वैदिक युगको यौन स्वच्छंदतालाई त्यस बेलाको ऋषि मुनिहरुले पूर्ण लाभ उठाए । बृद्धावस्थामा जीर्ण शरीरको चिन्ता नगरी एकमाथि अर्को विवाह गरिरहनु दासीहरूसङ्ग छलबल कपटले सम्भोग गर्नु, छोरी,बहिनी सङ्ग सहवास गर्नु युवतीहरूलाई देख्ने बित्तिकै आफूलाई नियन्त्रणमा राख्न नसक्नु, विर्यपात गर्नु आदि तिनीहरू का जीवनमा साधारण कुरा थिए ।

दाज्यू बहिनीको पवित्र नाता पनि कामबासनाले अन्धा हुने गर्दथ्यो । स्वयम पुषा देव आपनो बहिनी उषा को जार (प्रेमी) बताएको छ । ( ऋग्वेद ६-५-५५-४ ) र सोही ऋग्वेदको १०–१–१०/७-११ मा दाज्यू बहिनीको घृणित सम्वाद पाइन्छ । जसमा बहीनी यमीले आपनो दाज्यू यमलाई सहवासको निमित्त प्रस्ताव राख्दछे र यमले प्रस्ताव अस्वीकार गरिदिदा बहिनी यमीले भन्छिन् दाज्यू हुँदा हुँदै पनि बहिनीको मनोरथ पूर्ण हुन सक्दैन भने त्यस्तो दाज्यूसङ्ग बहिनीलाई के फाईदा यदी बहिनी हुँदा हुँदै पनि दाज्यूले काम सन्तुष्टि प्राप्त गर्न सक्दैन भने ती बहिनीको पनि के उपयोग । फेरी ऋगवेद १०.५६१/६ मा प्रजापतिले आपनो छोरी उषासङ्ग यौन सम्बन्ध बताएको छ र त्यसको फल स्वरूप रूद्रको जन्म भएको बताएको छ । प्रजापतिले आफ्नो छोरीसङ्ग समागम गर्न अनेकौं भाग दौड़ गरिएको बर्णन पाईन्छ । छोरी उषा बाबाप्रजापतिको डरले भागी अनेकौं मादा जनावरको रूपधारण गरिन प्रजापतिलेपनि नर जनावरको रुपधारण गरेर अन्त्यमा मनोरथ पूरागरेर नै छाडे।



यस्तो कुनै झुठ छैन, जसमा धेरै मानिस विश्वास नगरून, यस्तो कुनै मानिस छैन जो कैयौं झुठमा विश्वास नगर्दो हो र एउटा पनि यस्तो मानिस छैन, जो केवल झुठमा मात्र विश्वास गर्दो हो । (—जन स्ट्रिङबर्ग)

महर्षि परीसर नदी तर्ने बेलामा नाउ (डुंगा) चलाउनेकी छोरी सत्यवती देखि अति मोहित भई सो
कन्या सत्यवतीबाट एउटा बालक महर्षि वेद वदव्यासको जन्म भयो । पछि तो कन्यालाई राजा सान्तनुले विवा
गरि चित्रागन्द र बिचित्र विर्य नामका दुई पुत्रको जन्म भयो । दुबै नि:सन्तान मृत्यु भएको कारणले महर्षि
व्यास तो दुबैको बिधवी पत्नि र दासीहरुसङ्ग सम्भोग गरी क्रमश: धृतराष्ट्र, पाण्डु र विदुर जन्मायो । (हे
महाभारत आदि पर्व, अध्याय ६३ को श्लोक ७५/७६)

राजा दशरथको राज पुरोहित महार्षि वशिष्ठ अक्षमाला नामक शुद्र वर्णकी स्त्रीसङ्ग मोहित भई उनीस
यौन सम्बन्ध स्थापित गर्‍यो । यसैगरी ऋषि मण्डपाले सारङ्गी नामक स्त्रीसङ्ग सहवास गरे!(मनुस्मृति ९-२

एकपटक मित्र बरूणले उर्बशीलाई स्नान गरिरहेको देख्यो र कामबासनाले आशक्त भएर उनले एउटा घडा
ख्याल गरी उर्बशीको योनीको कल्पनागरी त्यसमा आफ्नो शिश्न प्रवेश गराएर बीर्यपतन गरे । जसबाट अगस्त्य
वशिष्ठ मुनिको जन्म भयो ।। (बाल्मीकी रामायण, उत्तर काण्ड ५६-५७)।!

महर्षि व्यास धृताची नामक बेश्यालाई देखेर काम पिड़ितभई उनको बीर्य अग्नीमा खस्दा त्यसबाट सुक
को जन्म भयो । (देवी भागवत पुराण प्रथम खण्ड अध्याय ५ )

द्रोणाचार्यको जन्म पनि महर्षि भरद्वाजद्वारा दुनामा (पत्तामा) बीर्य स्खलित गरेर भएको थियो । (म
भारत आदि पर्व अध्याय, १३१ श्लोक १०-१४)

धर्मग्रन्थका सबै देवी देवता र ऋषिमुनिहरु अप्राकृतिक सहवासको फलस्वरूप जन्म भएको पाईन्छ
ग्रन्थहरूमा बर्णित स्वच्छंद यौनाचार, अनियन्त्रित र अप्राकृतिक कामाचारले मात्र स्थान ओगटी धर्मानुयायी
लाई कुनै नैतिक शिक्षा दिएन, सुमार्ग देखाएन । अनेकौं दुष्चरित्र कुराहरूलाई बढ़ी प्रोत्साहित गरि म
समुदायमा छुवाछुतको भेदभावको ठूलो तगारो हालि दिए । हामी समाजको सचेत नागरिकको हैसियतले यो
ग्रन्थहरुको भ्रमपूर्ण कुराहरूमा गर्व गर्नुको सट्टा निष्पक्ष चिन्तन गर्न प्राथमिकता दिउं । यदी हामीले धर्म
लाई ज्ञानको भण्ड़ार, समाजको आदर्श भन्छौं भने हामी आफैलाई अन्धकारमय पथतिर धकेलिनु अतिरिक्त
केही उपलब्धी हुने छैन । तसर्थ मैले धर्मग्रन्थ मार्ग दर्शक हो या पथ भ्रष्टक भनेको हुँ । ✱

## नव बर्ष २०५० को सुखद उपलक्ष्यमा सम्पूर्ण दर्शक महानुभावहरूलाई शुभकामना टक्राउँदछौं ।

**प्रो. गोविन्द राई**

तथा

**भगवति चलचित्र मन्दिर, परिवार**

बस बिलहुवा, सिद्धार्थनगर , फोन नं :- २०८२६,४६२

३५

(-बेञ्जामिन डिजरायल)

2014 12 30

Gyawat (Prakash), Nepal Magar Bidhhyarthi Sangh Bhairahawa Bahumukhi Campus, 2050 BS